कनकाई नगरपालिकाद्वारा प्रकाशित

# कनकाई राजपत्र

खण्डः १ सङ्ख्याः २६ प्रकाशन मितिः २०७६/१२/२८

कार्यपालिकावाट स्वीकृत मिति २०७६/०५/३०

## भाग - २

## उपप्रमुख सुत्केरी पोषण कार्यविधि २०७५

प्रस्तावना

मातृ मुत्युदर र शिशु मुत्युदर कम गर्न र सुत्केरी भएको अबस्थामा आमा तथा बच्चाको राम्रो ख्याल गर्न सकियो भने आमा र बच्चाको स्वास्थ्यमा दीर्घकालीन रुपमा सकारात्मक प्रभाव रहने भएकाले सुत्केरी आमाहरुलाइ पोषणयुक्त सामग्रीहरु सुत्केरी भएको घर सम्म पुगी वितरण गर्ने तथा समाजमा रहेको गरिवी तथा अन्धविश्वासलाई समेत निराकरण गर्नका लागि बान्छानिय देखिएकोले कनकाई नगरपालिकाको प्रशासकीय कार्य्यविधि नियमित गर्ने ऐन २०७४ ले दिईएको अधिकार प्रयोग गरी कनकाई नगर कार्यपालिकाको मिति २०७६/०५/३० गतेको निर्णय अनुसार "उपप्रमुख सुत्केरी पोषण कार्यक्रम कार्यविधि २०७५" बनाई लागु गरिएको छ ।

## परिच्छेद १: परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम “उपप्रमुख सुत्केरी पोषण कार्यक्रम कार्यविधि-२०७५” रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **“समिति”** भन्नाले दफा ८ बमोजिम गठन भएको समितिलाई सम्झनुपर्दछ।

(ख) **“पोषण”** भन्नाले यस कार्यविधि बमोजिम कनकाई नगरपालिका भित्र स्थायी बसोबास गर्ने महिलालाई सुत्केरी भएको समयमा दिइने पोषणयुक्त खाद्यान्न तथा अन्य सामग्रीलाई सम्झनुपर्छ।

(ग) **“कार्यविधि ”** भन्नाले उपप्रमुख पोषण कार्यक्रम कार्यविधि- २०७५ लाई सम्झनुपर्छ।

(घ) **नगरपालिका”** भन्नाले कनकाई नगरपालिकालाई सम्झनुपर्छ ।

(ङ) "नियमित" भन्नाले गर्भवती भएको ४ महिना , ६ महिना, ८ महिना र ९ महिना भित्रमा गरिने जाँचलाइ बुझिन्छ।

## परिच्छेद २: पोषणको व्यवस्था

३. यस उपप्रमुख सुत्केरी पोषण कार्यक्रम अन्तर्गत पोषण प्राप्त गर्ने सुत्केरी महिलालाई समितिको निर्णय बमोजिमका पोषण सुविधाहरु प्रदान गरिनेछ। उक्त सुविधा के कति मात्रमा पाउने हो भनि कार्यपालिकाबाट निर्णय भए बमोजिम हुनेछ।

(क) दफा ३ बमोजिमको सुविधा प्राप्त गर्न तपशिल बमोजिम प्रक्रिया पूरा गरेको हुनुपर्नेछ।

१. नगरपालिका भित्र स्थायी बसोबास गरेको हुनु पर्नेछ।

२. उपप्रमुख सुत्केरी पोषण कार्यक्रमबाट सुविधा प्राप्त गर्न सुत्केरी हुनु पूर्व यस कनकाई नगरपालिका भित्र वा नजिकका सरकारी स्वास्थ्य संस्थामा नियमित (४ पटक सम्म) स्वास्थ्य परीक्षण/जाँच गरेको प्रमाणपत्र वा सिफारिस वा स्वस्थ्य परिक्षण कार्ड समलग्न गर्नुपर्नेछ।

३. उपप्रमुख सुत्केरी पोषण कार्यक्रमवाट यो कार्यविधी लागू भएपछि १ जना महिलाले बढीमा २ पटक सम्म मात्र सुत्केरी भएमा सुविधा प्राप्त गर्न सक्नेछ।

५. सुत्केरी भए पश्चात सुत्केरी महिलाको मृत्यु भएमा उक्त नवजात शिशुको जसले स्याहार सुसार तथा संरक्षक गरी हुर्काएको छ सोही व्यक्तिलाई पोषण कार्यक्रमबाट प्रदान गरिने सुबिधा दिइने छ।

४. यस कार्यबिधि बमोजिमका पोषण सामग्री के कति मात्रामा उपलब्ध गराउने हो सो को निर्णय गर्ने अधिकार कनकाई नगर कार्यापालिकालाई हुनेछ।

## परिच्छेद ३: कोष, खाता संचालन तथा विवरण सम्बन्धमा

५. उपप्रमुख सुत्केरी पोषण कार्यक्रमका लागि आवश्यक पर्ने कोष नगरसभावाट बिनियोजित रकम, बिभिन्न व्यक्ति तथा संस्थावाट प्राप्त हुने रकम र अन्य स्रोतवाट प्राप्त हुने रकम रहनेछ।

६. उपप्रमुख सुत्केरी पोषण कार्यक्रमको लागि आवश्यक पर्ने खाता संचालन दफा ९ बमोजिमको समितिको संयोजक र सदस्य सचिवको संयुक्त हस्ताक्षरबाट संचालन गरिनेछ भने अन्य विवरणको अभिलेख राख्ने जिम्मेवारी सदस्य सचिवको रहने छ।



कनकाई राजपत्र

७. यस कार्याक्रमका लागि आवश्यक पर्ने सामग्री खरिद गरी त्यसको अभिलेख अनुसुची १ बमोजिम राख्नुपर्नेछ।

८. उपप्रमुख सुतकेरी पोषण कार्यक्रम अन्त्रर्गत वितरण गरिएका सामग्रीहरुको ब्यक्तिगत अभिलेख अनुसुचीः२ बमोजिम राख्नु पर्नेछ भने समग्र अभिलेख अनुसची ३ बमोजिम राख्नु पर्नेछ।

## परिच्छेद ४: समितिको तथा उप समितिको व्यवस्था

९. उपप्रमुख पोषण कार्यक्रम संचालनको लागि ५ सदस्यीय संचालन समिति रहने छ।उक्त समितिको संरक्षक नगर प्रमुख रहनेछन।

१. उपप्रमुख (संयोजक) १ जना

२. संयोजकले तोकेको ३ जना महिला नगरसभा सदस्य ३ जना

३. स्वास्थ्य शाखा प्रमुख वा महिला विकास शाखा प्रमुख मध्ये १ जना

क) दफा ९ बमोजिम गठन भएको समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

१. उपप्रमुक सुत्केरी पोषण कार्यक्रमको खाता संचालन गर्ने।

२. पोषणका लागि आवश्यक पर्ने सामग्री खरिद गरी सुत्केरी महिलालाई बितरण गर्ने।

३. सामग्रीको अभिलेख राख्ने ।

४. पोषण कार्यक्रमका लागि आवस्यक निर्णय गर्ने र आई परेका समस्याको समाधान गर्ने।



कानूनीराजपत्र

## परिच्छेदः ५ विविध

१०. यस कार्यविधिमा जे सुकै कुरा लेखिएता पनि गरिवी, अन्ध विश्वास तथा अज्ञानताका कारण पोषण कार्यक्रम प्राप्त गर्ने मापदण्ड भित्र नपरेका तर सम्बन्धित वडा समितिले पोषण उपलब्ध गराउनु भनि लेखिआएमा समितिले निर्णय गरी सुविधा प्रदान गर्न सकिने छ।

कनकाईराजपत्र

# अनुसूची १

## कनकाई नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## सामग्री खरिद अभिलेख

| क्र. स. | आवस्यक सामाग्रीको नाम | परिणाम | खरिद गर्ने निर्यण भएको मिति | खरिद गरिएको मिति | सामग्रीको म्याद नाघ्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

तयार गर्ने पेश गर्ने प्रमाणित गर्ने

कनकाई नगरपालिका

# अनुसूची २

## कनकाई नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

## सामग्री वितरण अभिलेख

सुत्केरी महिलाको नामः

ठेगानाः कनकाई नगरपालिका वडा न. सुत्केरी महिलाको उमेर

सुत्केरी भएको पटकः

बितरण गरिएको मितिः

संलग्न अन्य विवरणहरुः

## विवरण

| क्र.स. | आवस्यक सामाग्रीको नाम परिणाम | सामग्रीर्को म्याद नाघ्ने मिति | कैफियत |
|---|---|---|---|
| १ | | | |

तयार गर्ने पेश गर्ने प्रमाणित गर्ने

कनकाई नगरपालिका

# अनुसूची ३

## कनकाई नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## सामग्री वितरणको मुल अभिलेख

| क्र. स. | सुत्केरी महिलाको नाम | सुत्केरी महिलाको उमेर | ठेगाना | वितरण गरिएका सामाग्रीहरु | | | बितरण मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

तयार गर्ने पेश गर्ने प्रमाणित गर्ने

आज्ञाले
रुद्रप्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

कनकाइ राजपत्र